

# अध्याय -७

## मेरो छिमेकीलाई सुसमाचार सुनाउने लक्ष्य

यस अध्यायका मूल पदहरू: लूका १०:२५-३७; २ तिमोथी ३:१६; याकूब २:१७; मत्ती २२:३७-४०; गलाती ५:१४; मीका ६:६-८।

<u>यस अध्यायको मूल सार पद:</u> *"तिनले भने, "तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर्, र आफ्नो छिमेकीलाई आफैंलाई झैं प्रेम गर्।" लूका १०:२७।*

यो पद हामी सबैलाई थाहा छ, "तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर्, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।" लूका १०:२७। तैपनि यदि हामी उहाँका आज्ञाहरू पालन गरेनौं भने परमेश्वरप्रति हाम्रो प्रेम छ भन्ने हाम्रो दावी केवल मौखिक वा देखावटीमात्र हुन्छ। त्यसमा भित्री हृदयदेखि इमान्दारी भएर बोलेका हुँदैनौं। परमेश्वरप्रति हाम्रो भक्ति र प्रेम छ भनेर हामी सोच्दछौं तर हाम्रो दैनिक जीवनमा त्यो प्रेम कसरी देखाइरहने त? परमेश्वरलाई प्रेम गर्छौं भनेर हामी दावी गर्छौं भने हाम्रा सारा दिल, सारा आत्मा, जोस, भावना, शरीर र दिमाग दैनिकरूपमा उहाँप्रति समर्पित भइरहेको उहाँ अपेक्षा गर्नुहुन्छ। परमेश्वरलाई माया गर्छु भनेर जसले पनि भन्न सक्छ, तर साँच्चिकै उहाँलाई प्रेम गरेर उहाँको भक्तिभावमा रहन हाम्रो विवेकलाई नै परिचालन गर्नुपर्छ।

यद्यपि, परमेश्वरलाई प्रेभ गर्नु असल र महत्त्वपूर्ण छ, तर हामीले अरूहरूलाई पनि प्रेम गरोस् भन्ने उहाँ चाहनुहुन्छ। अरूलाई हामीले कसरी प्रेम गरेकाछौं त्यो प्रभुप्रति हाम्रो प्रेमको प्रतिबिम्ब हो। अरूहरूलाई पनि केवल मुखलेमात्र ठिक्क पारेर प्रेम गर्छौं भन्ने होइन तर तिनीहरूलाई हामीले गर्ने प्रेम प्रभावकारी र वास्तविक हुनुपर्दछ। १ यूहन्ना ४: *२०, २१ ले* यो खुलासा गरिएको छ, "यदि कसैले "म परमेश्वरलाई प्रेम गर्छु" भन्छ, तर आफ्नो भाइलाई घृणा गर्छ भने त्यो झूटो हो, किनकि आफूले देखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेका परमेश्वरलाई प्रेम गर्न सक्दैन। हामीले उहाँबाट यो आज्ञा पाएका छौं, कि जसले परमेश्वरलाई प्रेम गर्छ त्यसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ।" १ यूहन्ना ४:२०-२१। यस मामिलामा पावलले पनि यसरी पुष्टि गर्दछन्, "१३ भाइ हो, तिमीहरू त स्वतन्त्रताको निम्ति बोलाइएका हौ। केवल त्यस स्वतन्त्रतालाई पापमय स्वभावको निम्ति प्रयोग नगर। तर प्रेममा तिमीहरू एक-अर्काको सेवक बन। १४ किनभने समस्त व्यवस्था एउटै वचनमा पूरा भएको छ, "तिमीले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्।" १५ तर तिमीहरू एउटाले अर्कोलाई टोक्ने र निल्ने गर्छौ भनेता होशियार गर, तिमीहरू एक-अर्काबाट नै खतम हुनु नपरोस्।" गलाती ५:१३-१५।

***यो पाठ हाम्रो जीवनमा कसरी प्रयोगात्मक गरेर देखाउने भनेर यस अध्यायमा हामी नियाल्नेछौं।***

## १. प्रश्नहरूका प्रश्न

यथार्थमा हामी को हौं? हामी यहाँ किन छौं? जब हाम्रो देहान्त हुन्छ तब हामी के हुन्छौं? यस संसारमा हाम्रो अस्तित्वको के लक्ष्य छ र हाम्रो खास भविष्य के छ? हामी मरणशील मानिसहरूको निम्ति ती प्रश्नहरू अत्यन्तै महत्त्वपूर्ण छन्। पशु पंक्षीहरू पनि मरणशील छन्, तर आफूहरू मरणशील छ भनेर तिनीहरूलाई थाहा हुँदैन। लूकाको सुसमाचारमा एक जना मानिस आएर येशूलाई अत्यन्तै निर्णाय प्रश्न गरेको उल्लेख गरिएको छ।

**धर्मशास्त्रको एक जना शास्त्री वा पण्डित आएर येशूलाई प्रश्न गरेका थिए। त्यो प्रश्न के थियो त? "गुरुज्यू, अनन्त वा अमर जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" लूका १०:२५।**

प्रश्न जतिसुकै गम्भीर भएतापनि, बाइबलले स्पष्टरूपमा बताउँछ कि त्यो पण्डित येशूलाई जाँच्न आएका थिए। कतिपय समयमा परमेश्वरलाई

विश्वास नगर्ने वा विश्वासमा आनाकानी गर्ने मानिसहरू हाम्रो जीवनमा आउँछन् र खेलाँची तरिकाले प्रश्नहरू पनि गर्छन्, तर तिनीहरूलाई हामीले गम्भीर भएर जवाफ दिनुपर्दछ ताकि तिनीहरूको दिमागमा परमेश्वरप्रतिको आस्थाको घन्टी बजियोस्। त्यो पण्डित वा कुनै अनुवादमा वकिल भनिएकोछ येशूकहाँ आएर प्रश्न गर्दा इमान्दारी नियतले नभएतापनि येशूले किटानी गरेर त्यस मामिलालाई समाल्नुभएको थियो। तर त्यस पण्डित र श्रोताहरूको निम्ति त्यस प्रश्न हृदय खोतल्ने प्रश्न थियो भनेर येशूले देखाउनुभएको थियो। येशूलाई उनको नियत थाहा थियो तैपनि उहाँले उनलाई वेवास्ता गर्न चाहनुभएको थिएन न त उनलाई अपमान गर्न चाहनुभएको थियो।

यस संसारमा हाम्रो अस्तित्वको ख्यालमा राख्दा यथार्थमा त्यो प्रश्नभन्दा अरू प्रश्न के महत्त्वपूर्ण होला? "अनन्त जीवन पाउन वा अमर जीवन पाउन मैले के गर्नुपर्छ?" हाम्रो धार्मिक विधि वा धर्मकर्म गर्ने क्रियाकलापको पछाडि त्यही निर्णायक प्रश्न झुण्डिरहेको हुन्छ। त्यसको बिपरित हाम्रो जीवनको वास्तविक अर्थ नै के छ र किनभने हाम्रो जीवन "बाफ जस्तै हो। एक छिनमा देखा पर्छ र अर्को क्षणमा बिलाएर जान्छ"? याकूब ४:१४। अनन्त जीवन वा अमर जीवनको अर्को बिकल्प के छ त केवल अनन्त मृत्यु वाहेक?

**हाम्रो अनन्त वा अमर जीवनको महत्त्व किन छ भनेर पावलले किटानी गरेको देहायको पदमा पढ्नुहोस्। पावलले के कुरालाई औंल्याउन खोजेका थिए? हेर्नुहोस्, "३० मचाहिँ किन हरघड़ी जोखिममा परिरहेको छु। ३१ भाइ हो, हाम्रा प्रभु येशूमा तिमीहरूको कारण म गर्व गर्दछु, र म भन्न सक्तछु, कि प्रतिदिन म मर्दछु। ३२ मान्छेकै कुरा गर्नु हो भने, एफिससमा जङ्गली जनावरसँग मेरो लड़ाइँले मलाई के फाइदा भयो र? मृतकहरू जीवित नहुने भए ता, "हामी खाऔं र पिऔं, किनभने भोलि त हामी मरिहाल्छौं!" १ कोरिन्थी १५:३०-३२।**

जुनसुकै नियतले त्यस पण्डितले येशूलाई प्रश्न गरेतापनि त्यो प्रश्न सबैको निम्ति निर्णायक प्रश्न थियो। आफ्नो लक्ष्यलाई मानिसहरूको सामु राख्ने प्रत्येक मौका खोजिरहनुभएको येशूले त्यस प्रश्नलाई मानिसहरूकै हृदयलाई खोतल्ने गरेर जवाफ दिनुभएको थियो।

***हामी जुनसुकै परिस्थिति वा वातावरणमा छौं, तैपनि परमेश्वरलाई उचाल्ने अवसरप्रति हामी जहिले पनि किन सजग भएर बस्नुपर्छ?***

## २. येशूको तरिका र जवाफ

त्यो पण्डित वा शास्त्री येशूलाई जाँच्न आएका थिए भनेर बाइबलले बताउँदछ, उनका नियतहरू के थिए सो येशूलाई थाहा थियो। यथार्थमा हामीले चाहेको भन्दा बढि हाम्रा हृदयहरूको प्यासलाई परमेश्वरलाई थाहा छ। र हामीलाई प्रश्न गर्ने वा हामीसँग वादविवाद गर्न चाहनेहरूको हृदय वा नियतहरू हामीलाई थाहा हुँदैन, हुन्छ त?

कतिपय समयमा अरू आस्थाका मानिसहरूले हाम्रो आस्थाको बारेमा सोध्छन्। येशूको परमेश्वरश्वरीयताको बारेमा हाम्रा मुस्लिम साथीहरूले सोध्छन्। तिनीहरूले यस्तो प्रश्न गर्छन्, "बाइबलमा कहाँ लेखिएको छ त येशू परमेश्वर हुनुहुन्छ भनेर दावी गर्नुभएको थियो?" वा "फेरि तपाईंहरू एकेइश्वरवाद भनेर दावी गर्नुहुन्छ तैपनि ती व्यक्तित्वहरू भएको परमेश्वर हुनुहुन्छ भनेर किन भन्नुहुन्छ?" ती प्रश्नहरूले दिमागलाई खलबलाउने भएतापनि ती प्रश्नहरू सोध्दा भित्रि हृदयमा केही न केही प्यासी भएको वा खालिभएको थियो भनेर देखाउँदछ। तिनीहरूका हृदयहरू हामी जान्दैनौं; न जान्न आवश्यक नै छ। मानिसहरूको नियत जे भएतापनि हाम्रो शक्तिले भ्याएसम्म तिनीहरूको सेवा हामीले गर्नुपर्दछ।

**जुन तरिकाले येशूले पण्डितको जवाफ दिनुभयो जुन लूका १०:२६मा छ, त्यस जवाफलाई बुझ्न देहायका पदहरूले हामीलाई कसरी सघाउँछ? हेर्नुहोस्, "त्यसै बेला येशूले भीड़लाई भन्नुभयो, "डाँकूको विरुद्धमा आएझैं मलाई पक्रन तरवार र लाठाहरू लिएर तिमीहरू किन आयौ? म दिनहुँ मन्दिरमा शिक्षा दिँदै बस्थें, र तिमीहरूले मलाई पक्रेनौ। तर अगमवक्ताहरूका धर्मशास्त्रहरू पूरा होऊन् भनी यी सबै हुन आएका हो।" मत्ती २६:५६; "१० भाइहरूले तुरुन्तै पावल र सिलासलाई राती नै बेरिया पठाइदिए, अनि जब तिनीहरू त्यहाँ पुगे तब तिनी यहूदीहरूको सभाघरभित्र गए। ११ यहाँका यहूदीहरू थेसलोनिकेकाहरू भन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। १२ यसकारण यिनीहरूमध्ये धेरैले, साथै निकै जना उच्च घरानाका ग्रीक महिलाहरूले र पुरुषहरूले समेत विश्वास गरे।" प्रेरित १७:१०-१२; "३ किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। ४ उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो। ५ उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो।" १**

**कोरिन्थी १५:३-५ र "१४ तर तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ। १५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" २ तिमोथी ३:१४-१७।**

कहिलेकाहीं हामी जवाफ दिन प्रयास गर्छौं तब कसरी जवाफ दिने भनेर दिमागमा नआउन सक्छ। त्यसकारण येशूको तरिका हामीले पनि अपनाउनु उपयुक्त देखिन्छ। उहाँले जवाफ दिनु भयोः "व्यवस्थामा के लेखिएको छ? तिमीले कसरी बुझ्छौ?" लूका १०:२६। मानिसहरू कसरी सिक्नुपर्छ भन्ने महत्त्वपूर्ण तरिकालाई येशूले औंल्याउनुभएको थियो। हामीलाई अरूहरूले के भन्न चाहेका छन् सो सुन्नुमात्र नभएर हामी आफै पनि बाइबल पढ्ने गर्नुपर्दछ। प्रश्नका जवाफहरू त्यहीं हुन्छ र हामीले के गर्नुपर्छ भनेर पवित्र आत्माले नै हाम्रा हृदयहरूलाई प्रभाव पार्नुहुन्छ।

परमेश्वरले हामीलाई उहाँको वचन दिनुभएको छ। यसमा हामीलाई आवश्यक भएको सबै सत्यहरू पाइन्छ। हामी कसरी बाँच्ने, अरूहरूलाई कस्तो व्यवहार गर्ने र हामीले अनन्त वा अमर जीवन कसरी पाउने भन्ने प्रश्नहरूको जवाफ बाइबलमै पाउँछौं। हो, शिक्षक र पास्टरहरूले हामीलाई सिकाउनुपर्दछ, तर अन्तमा सत्यलाई बुझ्न हामी आफै बाइबल अध्ययन गर्नुपर्छ। भजनका लेखकले यो भनेका छन्, "१०३ तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढ़ी मीठा छन्। १०४ तपाईंका आदेशहरूद्वारा म समझशक्ति प्राप्त गर्छु, यसकारण हरेक झूटा मार्गलाई म घृणा गर्दछु। १०५ तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो।१०६ मैले यो शपथ खाएर दृढ़ सङ्कल्प गरेको छु, कि तपाईंका धार्मिक नियमहरू म पालन गर्नेछु।" भजनसंग्रह ११९:१०३-१०६। विशेष गरेर पद १०५ केवल कवितामात्र होइन। यो पवित्र सत्य हो। यसले परमेश्वरको वचनलाई औंल्याउँछ र यो विश्वासीहरूको निम्ति धेरै महत्त्वपूर्ण छ।

*येशू, परमेश्वरको वचन देह हुन आयो। यसले हामीलाई जहिलेपनि परमेश्वरको लिखित वचनतिर औंल्याउँछ। हाम्रो आस्थालाई बलियो गरिराख्न बाइबलको नीजि ज्ञान किन अपरिहार्य छ? कुनै धर्म दर्शन, वाद र तर्कहरूप्रति हामी किन लाग्नुहुन्न जसले बाइबलप्रति हाम्रो आस्थालाई आँच पुऱ्याउँछ?*

## ३. अनन्त वा अमर जीवन पाउन

**पण्डितको आफ्नै जवाफ के थियो? हेर्नुहोस्, लूका १०:२७,२८ "तिनले भने, "तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।"**

**उहाँले तिनलाई भन्नुभयो, "तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।" लूका १०:२७-२८।**

पण्डितले प्रश्न सोधे त्यो प्रश्नको जवाफ उनी आफैले दिए: "परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।" लूका १०:२७।

येशूको जवाफ के थियो त? उहाँले भन्नुभयो, "तिमीले ठिकै जवाफ दियौ।" लूका १०:२८। अनि येशूले उनलाई चुनौती दिँदै भन्नुभयो, "तिमीले त्यसै गर र तिमी जिउनेछौं।" लूका १०:२८।

धेरै विश्वासीहरूको निम्ति शिक्षादीक्षा र आस्थाको बारेमा ठिक जवाफ दिनु त्यति गाऱ्हो छैन। तर चुनौती त यो छ कि आफ्नो विवेकले जे सिके र जे विश्वास गरे त्यसलाई ठिकसँग पालन गर्न सक्नु हो। कतिपय मानिसहरू मुक्ति पाउने ज्ञान होला, तर तिनीहरूले अमर जीवन पाउँछन् भन्ने छैन किनकि तिनीहरूले थाहा पाएको र अन्तस्करणले जे ठिक छ त्यो गरेको हुँदैन। त्यसकारण अनन्त जीवनको मामिला गम्भिर छ। परमेश्वरको प्रेमको बारेमा मात्र थाहा पाएर वा विश्वास गरेर र छिमेकीहरूलाई चिनेरमात्र नपुग्ने रहेछ। आफूले जानेको कुरालाई कार्यान्वयन गर्नु अत्यावश्यक रहेछ।

**येशूले पण्डितलाई जवाफ दिएकोसँग याकूबको भनाए कसरी मिल्छ? हेर्नुहोस्, "१४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको**

**भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो। १८ तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु। १९ तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्। २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।" याकूब २:१४-२४।**

यदि हामीले सचमुचरूपमा वा पारदर्शीरूपमा परमेश्वरलाई प्रेम गर्छौं भने, हामी उहाँको वचन पढ्नेछौं, हामी प्रार्थना गर्नेछौं, उहाँका दश आज्ञाहरू पालन गर्नेछौं र हाम्रो सारा हृदयले उहाँको आवाजलाई सुन्नेछौं। यदि हामीले अरूहरूलाई माया गर्छौं भनेर मुखले भन्छौं तब चर्चमा अरूप्रति वास्ता राख्दैनौं भने वा हामीले सहयोग गर्ने क्षमताले वास्तो गर्दैनौं भने, हाम्रो विश्वासको मतलब के छ र?

येशूको मार्गमा हिंड्नु भनेको केवल विशेष शिक्षादीक्षाहरूलाई जान्नुमात्र होइन; यो जीवन पद्धति हो।

"यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र?" याकूब २:१५,१६।

***अरूहरूको हितप्रति तपाईं कतिको सरोकार राख्नुहुन्छ? पावलका वचनहरू तपाईंले कतिको पालन गर्नुभएको छ: "तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर।" फिलिप्पी २:४। परमेश्वरको अनुग्रह र सहायताले अरूको हित गर्न तपाईंले कसरी सिक्न सक्नुहुन्छ?***

## ४. अरूहरूले हामीलाई प्रेम गरेको अनुसार हामीले अरूहरूलाई पनि प्रेम गर्ने

**लूका १०:२७, २८मा पण्डितको प्रश्नको जवाफसँग येशूको आफ्नै वचन कसरी तालमेल भएको छ? हेर्नुहोस्, "३७ उहाँले तिनलाई भन्नुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।" मत्ती २२:३७-४०।**

मत्ती २२:३७-४०को अनुसार हामीले परमेश्वरलाई विश्वास गर्छौं, उहाँलाई प्रेम गर्छौं र उहाँका भक्त हौं भनेर दैनिकरूपमा व्यक्त गरिने प्रमाण ती दुई आज्ञाहरू पालन गरेर देखाएबाट हुन्छ भनेर येशूले स्पष्ट गर्नुभएको थियो। र लूका १०:२७मा यो स्पष्ट गरिएको छ कि यदि मानिसले ती दुई आज्ञाहरू पालन गरे उसले अनन्त जीवन पाउँछ।

"स्वर्ग र पृथ्वीमा परमेश्वरको प्रशासनको आधारमभूत नीति प्रेम हो। प्रत्येक येशूभक्तको चरित्रको जग पनि प्रेमै हुनुपर्दछ। यसैमामात्र उसको वास्तविक इसाई विश्वास अटल रहन सक्छ। उसलाई आउने अनेकौं परीक्षा र संकष्टहरूबाट पार गरिराख्ने तत्व नै उसमा भएको प्रेम हो।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. ४९।

**येशूलाई हामीलाई के भन्नुभयो त्यसलाई देहायका पदहरूले कसरी सुदृढ पार्दछ? हेर्नुहोस्, "१३ भाइ हो, तिमीहरू त स्वतन्त्रताको निम्ति बोलाइएका हौ। केवल त्यस स्वतन्त्रतालाई पापमय स्वभावको निम्ति प्रयोग नगर। तर प्रेममा तिमीहरू एक-अर्काको सेवक बन। १४ किनभने समस्त व्यवस्था एउटै वचनमा पूरा भएको छ, "तिमीले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर।" १५ तर तिमीहरू एउटाले अर्कोलाई टोक्ने र निल्ने गर्छौ भनेता होशियार गर, तिमीहरू एक-अर्काबाट नै खतम हुनु नपरोस्।" गलाती ५:१३-१५; "६ के लिएर म परमप्रभुको सामु आऊँ, र उच्च भएका परमेश्वरको सामु निहुरूँ? के एक वर्षे बाछाहरू लिएर होमबलि चढ़ाउनलाई म उहाँको सामु आऊँ? ७ के परमप्रभु हजारौं भेड़ाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र? के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढ़ाऊँ? ८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ?**

**केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू।" मीका ६:६-८ र "१९ हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो। २० यदि कसैले "म परमेश्वरलाई प्रेम गर्छु" भन्छ, तर आफ्नो भाइलाई घृणा गर्छ भने त्यो झूटो हो, किनकि आफूले देखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेका परमेश्वरलाई प्रेम गर्न सक्दैन। २१ हामीले उहाँबाट यो आज्ञा पाएका छौं, कि जसले परमेश्वरलाई प्रेम गर्छ त्यसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ।" १ यूहन्ना ४:१९-२१।**

पावलले दावी गरेको अनुसार, "**किनभने समस्त व्यवस्था एउटै वचनमा पूरा भएको छ, "तिमीले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नु।" गलाती ५:१४।** जब हामीले अरूहरूलाई व्यवहार गर्ने तरिकामा व्यवहारिकरूपमा हामी प्रेम देखाउन सक्छौं भने हामीले परमेश्वरलाई प्रेम गर्छौं भनेर प्रमाणित गरिरहेका हुन्छौं भनेर पावलले जिकिर गर्दछन्। पावलले "धर्मी विश्वासद्वारा जिउँछ" (रोमी १:१७) भनेतापनि विश्वास भनेको गुपचुपमा राख्ने होइन वा अरूहरूलाई विश्वासबाट उब्जिएको प्रेम नदेखाइ आफैमा राख्नु होइन। पावल, मीका र यूहन्नाले यो स्पष्ट गरेका छन् कि व्यवहारिक क्रियाकलापले हामीले दावी गरेको अनुसार विश्वासको वास्तविकतालाई देखाएको हुन्छ। यदि कोही महा विद्वान वा पण्डित होला, वा महान् ठूला ठूला कामहरू गर्ला वा धर्मकर्म गर्ला, आफूमा महान् विश्वास छ भनेर दावी नै उसलेगर्ला र अझ आफ्नै जीवन पनि त्यागला वा शहीद बनाउला तर उसमा प्रेम छैन भने त्यो व्यक्ति केवल झ्याइँ झ्याइँ गर्ने झ्यालीमात्र हुन्छ भनेर पावलले जिकिर गर्दछन् (१ कोरन्थी १३:१)।

***माथि एलेन जी ह्वाइटले भन्नुभएको भनाइ फेरि पढ्नुहोस्। दुःखकष्ट र परीक्षाहरूमा अटल भइरहने आधार केवल प्रेममात्र हो भनेर उनले भनेको सोच्नुहोस्। यो प्रेम गर्ने नीति कामद्वारा मुक्ति पाउने नभएर येशूमा हाम्रो विश्वास र प्रेम छ भनेर व्यक्त गरिन्छ भनेर कसरी स्पष्ट पार्दछ?***

## ५. आजको परिवेशमा असल सामरीको कथा

पण्डितले ठिक जवाफ दियो भनेर उनको सराहना गर्दै येशूले उनलाई यो स्पष्ट पार्नुभयो, "त्यही अनुसार चल्नु अनि तिमी जिउनेछौ वा तिमीले अनन्त जीवन पाउनेछौ।" लूका १०:२८। यसरी येशूले मानिसको हृदयको जगमै छुनुभएको थियो। त्यो पण्डितको निम्ति सबै ठिक जवाफहरू दिन त सजिलै थियो, तर २००० वर्ष अघि त्यही अनुसार चल्नु भनेको अर्कै विषयबस्तु

थियो। आज पनि धेरैको निम्ति त्यही अनुसार चल्नु हृदयमा खोतल्नु हो। अझ त्यस पण्डित वा धर्मगुरुले आफू कतिन कतिको जान्नेछु भनेर देखाउन येशूलाई धरापमा पार्न खोजेका थिए। अनि उनले यो प्रश्न गर्छन्, "मेरो छिमेकी को हो त?" लूका १०:२९।

लूका १०:३१-३७ पढ्नुहोस्। यहाँ उल्लेखित कथाको तात्पर्यलाई तपाईंले संक्षेप्तमा उतार्नुहुन्छ? हेर्नुहोस्, "३० येशूले जवाफ दिनुभयो, "एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पर्‍यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर गए। ३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२ त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३ तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४ र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गर्‍यो। ३५ भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, 'यिनको हेरचाह गर, र अरू बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु'।" ३६ येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?" ३७ तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर।" लूका १०:३०-३७।

हाम्रा वरिपरि के त्यस्ता मानिसहरू छन् जसलाई अरूहरूले अन्याय गरिरहेका छन्? के हामीले हाम्रो हैशियतले भ्याएसम्म तिनीहरूलाई सहयोग गरेकाछौं?

यो सत्य होकि कतिपय समयमा पास्टर, एल्डर वा चर्चको सदस्यहरूले आवश्यकता हुनेहरूलाई सहायता गर्दैनन्। अझ कतिपय समयमा अरू धर्मका मानिसहरू हामीहरूभन्दा बढि दयालु र परोपकारी भएको पाउँछौं। हामीले दया, मायाको बारेमा चर्चा गर्छौं तर अरूहरूले व्यवहारमा ती देखाइरहेको हामीपाउँछौं। यदि हामीमा भएको विश्वासको केही अर्थ छ भने आवश्यकता परेकाहरूलाई हामी सहायता गर्नैपर्छ।

असल सामरीको कथाको निश्कर्षमा तीन जनामा कोही सत्य छिमेकी भनेर औँल्याउनु भएको थियो। जसलाई सहायताको आवश्यकता पर्छ त्यसलाई हेर्ने नै असली छिमेकी भनेर यहाँ स्पष्ट पारेको छ।

"यसरी यो, 'मेरो छिमेकी को हो' भन्ने प्रश्न सदाको निम्ति तय गरिएको छ। हाम्रो छिमेकी भनेको केवल हाम्रो चर्चको सदस्य वा आफन्तमात्र होइन भनेर ख्रीष्टले देखाउनुभएको छ। छिमेकी भन्दा जातभात, धर्म, वर्ण र वर्गसँग सरोकार छैन। हाम्रो छिमेकी त्यो हो जो प्रत्येक व्यक्ति हाम्रो सहयोग चाहिन्छ। सैतानले गर्दा घाइते भएको प्रत्येक व्यक्ति हामी छिमेकी हो। हाम्रो छिमेको त्यो प्रत्येक व्यक्ति हो जो परमेश्वरको सम्पत्ति हो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ५०३।

**चुनौतीः** *तपाईंभन्दा फरक व्यक्ति वा तपाईंले मन नपर्नेको निम्ति दिनदिनै प्रार्थना गर्न सुरु गर्नुहोस्।*

**चुनौतीलाई कार्यान्वयन:** *तपाईंले चिन्नुभएको तर चर्चको सदस्य नभएको कमसेकम तीन जनाको नाउँ लेख्नुहोस्। तिनीहरूको भौतिक, भावनात्मक र सामजिक आवश्यकताहरूको पहिचान गर्नुहोस्। ती आवश्यकताहरूलाई तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ सो सोच्नुहोस्। व्यवहारिकै रूपमा तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?*

**उपसंहार:**

**थप जानकारी: एलेन जी ह्वाइटद्वारा लिखित द डिजाएर एजेज्, पृ. ४९७-५०५ को "द गुड सामारिटन।"**

हाम्रो संसारमा आजा धेरै भोकाएका, दुर्व्यवहारमा परेका र आवश्यकतामा परेकाहरू छन्। सानै भएतापनि तपाईंले आफ्नो भाग खेल्न सक्नुहुन्छ। तितो सत्य त यो छ कि येशू ख्रीष्ट आउनुभन्दा अघि हामीले संसारका समस्याहरू समाधान गर्न सक्दैनौँ। तैपनि त्यस बेलासम्म हाम्रो गच्छेले भ्याएसम्म कसैको आधारभूत समस्यामा सहयोग गर्न सक्छौँ। चर्चकै कुनै सदस्य होला जो अन्याय र अत्याचारमा परिरहेका। यो त हाम्रो संसारको वास्तविक समस्या भइ नै रहेको छ।

"याकूबले स्पष्ट पार्दछन्, 'परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु। 'याकूब १:२७। असल कामहरू ती फलहरू हुन् जुन ख्रीष्टले हामीबाट अपेक्षा गर्नुभएको छ: दयालु बोलीबचन, उदारताका कामहरू, विपन्न, गरिब, आवश्यक परेकाहरू र दु:ख पाएकाहरूप्रति कोमल भावना।

निराश र शोकमा परेकाहरूसँग मिलेर हृदयहरू भारि भएर तिनीहरूप्रति संवेदनशील हुन्छन्, जब नाङ्गोहरूलाई लुगा लगाइ दिन्छन्, जब अपरिचित मानिसहरू तपाईँको बैठकमा न्यानो स्वागत पाउँछन् र तपाईको हृदयमा तिनीहरूको निम्ति ठाउँ हुन्छ, तब स्वर्गदूतहरू तपाईँको धेरै नजिक आउँछन् र स्वर्गबाट जवाफहरू ल्याउँछन् । न्याय, करुणा, दया र उदारको प्रत्येक कामले स्वर्गमा धुन बज्छ । जो मानिसहरूले ती दयाका कामहरू गर्छन् तिनीहरूलाई परमेश्वर पिताले आफ्नो सिंहासनबाट हेर्नुहुन्छ र तिनीहरूलाई आफ्नो बहुमूल्य दौलत भनेर गन्नु हुन्छ । ' जुन दिन म मेरो निजी धन बनाउनेछु, तिनीहरू मेरा हुनेछन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।' मलाकी ३:१७ । दु:खकष्टमा परेको र आवश्यकमा परेको मानिसप्रति देखाएको प्रत्येक दयाको काम येशूलाई देखाएको भनेर गनिन्छ । जब तपाईँले गरिबलाई सहायता गर्नुहुन्छ, टुहुरासँग मित्रता गाँस्नुहुन्छ र दु:खकष्ट र दवावमा परेकाहरूप्रति सहानुभूति प्रकट गर्नुहुन्छ तब तपाईँले आफूलाई येशूको नजिक ल्याउनुहुन्छ ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली २, पृ. २५ ।

**चिन्तनमनन:**

अ. परमेश्वरलाई र अरूहरूलाई प्रेम गर्नु भन्ने आज्ञालाई पालन गर्दा कामद्वारा मुक्ति खोज्नु होइन भनेर हामीले कसरी बुझ्ने? जब हामीले येशू को हुनुहुन्छ र क्रूसमा उहाँले के गर्नुभयो (फिलिप्पी २:५-८) तब हामीले जुनसुकै काम गरेतापनि हाम्रो कामबाट मुक्ति पाउँछ भन्ने धारणा नै किन ठूलो गल्ती हो? काम, धर्मकर्म द्वारा मुक्ति पाउने धारणा नै घातक भूल हो। तर येशूमा हामी मुक्ति पाएकोले नै हाम्रो जीवनले अरूहरूलाई प्रेम गर्छौं भनेर हामी  कसरी यकिन हुने?

आ. हामीभन्दा फरक मानिसहरूप्रति जन्मजातै हामीमा हुने पूर्वाग्रहलाई हामीले कसरी थाहा  पाउने र त्यसलाई हटाउने?

इ. यस अध्यायमा सम्बोधन गरेका पदहरू बाहेक बाइबलमा अरू के के पदहरू छन् जसले मानिसहरू जो भएतापनि तिनीहरूप्रति हाम्रो दया देखाउनु पर्छ भनेर सिकाउँछ?

कथा ७

# ठिक स्कुल खोज्दै

नुसरठ

घाना



एक जना मधुमेह भएकी स्त्री दश वर्षकी नुसरतको घरमा बराबर आउँथिन्। उनी घाउलाई सफा गर्न आउँथिन्। तर नुसरतलाई त्यस स्त्री आइरहेकी कारण बुझ्न सकिन। "के तपाईंले त्यस स्त्रीलाई धेरै मन पराउनुहुन्छ, त्यसैकारणले तपाईंले उनको घाउ सफा गरेर मद्दत गर्नुहुन्छ?" भनेर आफ्नी हजुर आमालाई नुसरतले सोधिन्।

"म नर्स हुँ। यो मेरो जिम्मेवारी हो। म यस्तै काम गर्छु," हजरआमाले जवाफ दिइन्।

नुसरतलाई हजुरआमाको काम मन पराइन्। उनी हजुर आमा जस्तै हुन मन लाग्यो ताकि उनी पनि अरू मानिसहरूलाई सहयोग गर्न सकून्। आफ्नो देश घानामा आफू पनि नर्स हुने सपना उनले देख्न थालिन्।

हाइस्कुल सकेपछि नुसरतलाई नर्स पढ्न धेरै नर्सिङ्ग स्कुलहरूको बारेमा हजुरआमाले बताइन्। तर नर्सिङ्ग स्कुलमा पढ्न नुसरतसँग पैसा थिएन। आमाले उनकी दिदीलाई सहयोग गरिरहेकी थिइन्। उनी शिक्षक हुन कलेजमा अध्ययन गर्दै थिइन्। त्यसकारण, नुसरतलाई नर्स पढाउन आमासँग पैसा थिएन।

तीन वर्ष भयो र नर्स पढ्ने नुसरतको धोको पूरा नहुला जस्तो भएको थियो। अनि एकदिन आफ्नो मामाको घरमा जाँदा मामालाई आफ्नो नर्स पढ्ने इच्छा व्यक्त गरिन्। उनको मामा नुरिडिन नर्स थिए।

मामाले उनको समस्या समाधान हुने बाटो भने। मामाले भ्याली भ्यु विश्वविद्यालयमा नर्सिङ्ग तालिम गरेर डिग्री हासिल गरेका थियो। त्यो विश्वविद्यालय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले सञ्चालन गरेको छ। एडभेन्टिस्ट शिक्षा धेरै महङ्गो छैन भनेर नुसरतलाई मामाले सुनाए। नुसरतलाई त्यहाँ पढ्न चासो देखाइन्, तर उनलाई एउटा चिन्ता थियो। उनी, उनको मामा र सबै परिवार अर्कै धर्ममा संलग्न छन्। सानो नुसरत इसाई स्कुलमा पढेकी थिइन् र त्यस स्कुलमा आफूलाई धेरै असुविधा भएको महसुस गरेकी थिइन्। "म त

जहिले पनि अनौठो भएको महसुस गरेको थिएँ। त्यस स्कुलमा भजन गाउँथ्यो र प्रार्थना गर्थ्यो। म केही पनि बुझ्दिनथेँ," नुसरतले मामालाई भनिन्। तर एडभेन्टिस्ट स्कुल अरू इसाई स्कुलहरू जस्तो होइन भनेर मामाले जवाफ दिए। "मैले चाहेको धर्म मान्न मलाई पूरै स्वतन्त्र भएको भ्याली भ्यु विश्वविद्यालयमा अनुभव गरेको छु। त्यस स्कुलमा कसैलाई पनि पक्षपात गर्दैन," मामाले आश्वस्ता पार्दै नुसरतलाई सम्झाए। आफूलाई पनि एडभेन्टिस्ट चर्चमा पहिलो पल्ट जाँदा नौलो लागेको थियो भनेर सुनाए। "'तर तपाईं चर्चमा होइन् परमेश्वरको सामु हुनुहुन्छ' भनेर मलाई कसैले सुनायो। त्यसले गर्दा मलाई सजिलो भयो। तिनीहरूले अर्कै पाराले आराधना गरेपनि म परमेश्वरको सामु रहेको अनुभव गरेको थिएँ" मामाले नुसरतलाई सम्झाए।

आफू विश्वविद्यालयको प्रत्येक आराधना कार्यक्रममा भाग लिएको र कसैले पनि उनको आफ्नै व्यक्तिगत प्रार्थना गर्ने शैलीलाई बाधा नदिएको मामा नुरीदिनेले बताए।

मामाको कुरा सुनेर आफू एडभेन्टिस्ट स्कूलमा जाने चाहना गर्दै भनिन्, "म जहाँ गए पनि मेरो चाहना अनुसार आराधना गर्न सक्छु र तैपनि मलाई सबैले मन पराउँछ भने त्यस खालको स्कुल राम्रै हुनेछ।" तर भ्याली भ्यु विश्वविद्यालय धेरै टाढा थियो। नुसरतले आफ्नै घरको छेउछाउको नजिक भएको एडभेन्टिस्ट स्कूलमा जान चाहिन्। आफ्नै सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट नर्सिङ्ग र मिडवाइफरि ट्रेनिङ्ग कलेज उनले भेट्टाइन् र त्यहाँ भर्ना भइन्। उनी त्यहाँ एक वर्षदेखि अध्ययन गर्दैछिन्।

"हामी साबथ स्कुलमा सँगसँगै भजन गाउँछौं र चर्चमा पनि जान्छौं। साबथमा हुने चर्चको कार्यक्रम मलाई धेरै मन परिरहेको छ," नुसरतले सुनाइन्।

केही समयपछि आफ्नो मामालाई उनको एडभेन्टिस्ट स्कुलको बारेमा उनको प्रभाव ठिक भएको सुनाइन्। "तपाईंले भन्नुभएको ठिक छ। त्यस स्कुलमा कसैलाई पक्षपात गर्दैन," उनले बताइन्। मामा नुरिडिन त्यो सुनेर खुशी भए। "मलाई थाहा छ तिमीले एडभेन्टिस्ट स्कुल र त्यसको वातावरणलाई मन पराउनेछौ," खुशी भएर मामाले व्यक्त गरे।

(नुसरत पढिरहेकी एडभेन्टिस्ट कलेजमा केवल २० प्रतिशतमात्र एडभेन्टिस्टहरू छन्)।